# जलमार्ग विस्तार गर्न सुझाव

काठमाडौं, १५ असार (कास) : मुलुकमा जलमार्गको पर्याप्त सम्भावना रहेको भन्दै विज्ञहरूले यसलाई विस्तार गर्न आवश्यक रहेकोमा जोड दिएका छन्।

साउथ एसियन वाच अन ट्रेड एन्ड इकोनमिक्स एन्ड इन्भायरोमेन्ट (सावती)ले हालै विभिन्न जिल्लामा गरेको अध्ययनले जलमार्गको सम्भावना रहेको देखाएको हो। साउतीले बिहीवार राजधानीमा अन्तर्क्रिया गरेर मुलुकमा जलमार्गको सम्भावना र त्यसको महत्वका बारेमा जानकारी गराएको थियो। साउतीले नेपालका मुख्य नदीको जलमार्गको अवस्थाका बारेमा विभिन्न ठाउँको स्थलगत अध्ययन गरी सरोकारवाला निकायलाई बोलाएर छलफल गरेको हो। छलफलका सहभागीहरूले नेपालमा छिमेकी मुलुक भारतबाट व्यापार प्रवर्द्धन गर्न जलमार्ग महत्वपूर्ण माध्यम बनेकाले पनि यसलाई विस्तार गर्दै जानुपर्नेमा जोड दिएका थिए।

पूर्वऊर्जा सचिव द्वारिकानाथ ढुंगेलले आन्तरिक रूपमा जलयातायातको सम्भावना रहेकाले यससँग सम्बन्धित नीति ल्याउन आवश्यक रहेको बताए। जलयातायातका माध्ययमबाट छिमेकी मुलुक भारतसँग व्यापार गर्न सहज हुने भन्दै उनले नेपालका मुख्य नदीमा सम्भावना रहने बताए।

जल तथा ऊर्जा आयोगका सविच माधव बेलबासेले भने नेपालका सबै नदीमा जलयातायातको सम्भावना नरहेको बताए। संस्थागत समस्याले गर्दा कुनै अध्ययन हुन नसकेको भन्दै उनले जलयातायातबाट नेपाललाई हुने फाइदाको बारेमा अध्ययन गर्न आवश्यक रहेको बताए। अर्थविज्ञ डा. पोषण पाण्डेले जलयातायातका माध्ययमबाट नेपालमा व्यापार गर्न सकिने भएकाले पनि यसलाई गहन रूपमा अध्ययन गर्न आवश्यक रहेको बताए।




नेपाल फ्रेरिट फरवार्डर्स एसोसिएसनका पूर्वअध्यक्ष राजन शर्माले हवाई र स्थलमार्गबाट सामान आयात गर्दा हुने समस्यालाई समाधान गर्न जलयातायातलाई जोड दिनुपर्ने धारणा राखे।